वार्षिक नीतिको आधिकारिक दस्तावेज

# वार्षिक नीति, बजेट तथा कार्यक्रम पुस्तिका

## आ. व. २०८३/०८४

## पिपरा गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

पिपरा, महोत्तरी
मधेश प्रदेश, नेपाल

www.pipramun.gov.np    facebook.com/piprarurălmunicipality

**सभाध्यक्ष महोदय, माननीय गाउँसभा सदस्यज्यूहरू,** र आदरणीय पिपरा गाउँवासी आमा-बुबा, दाजुभाइ तथा दिदीबहिनीहरू।

यस गरिमामय गाउँसभाको अधिवेशनको खुल्ला सत्रमा उपस्थित हुनुभएका सम्पूर्ण मान्यज्यूहरू तथा पिपराको विकासका सारथीहरूमा पिपरा गाउँपालिकाको तर्फबाट हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्दछु ।

आजको यो दिन हाम्रा लागि अत्यन्त विशिष्ट र ऐतिहासिक रहेको छ। संघीयताको मर्म र स्थानीय सरकारको म्यान्डेट अनुसार हामीले यस गाउँसभा समक्ष आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा, यो हाम्रा जनप्रतिनिधिहरूको यस ५ वर्षे कार्यकालको **बर्ष** पनि हो । हामीलाई मतदानमार्फत यो ऐतिहासिक नेतृत्व सुम्पिनुहुने पिपरा गाउँपालिकाका आदरणीय मतदाताहरूप्रति म पुनः गहिरो आभार प्रकट गर्न चाहन्छु ।

यस ऐतिहासिक घडीमा, नेपालको लोकतन्त्र, संघीयता, सामाजिक न्याय र स्थानीय स्वायत्त शासनको यात्रामा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात-अज्ञात वीर शहीदहरूप्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछु । साथै, गाउँपालिकाको नीति तर्जुमा, योजना निर्माण र प्रशासनिक कार्यमा अहोरात्र खटिनुहुने आम नागरिक, नागरिक समाज, सरोकारवाला, सहजकर्ता र राष्ट्रसेवक कर्मचारीज्यूहरूमा धन्यवाद ज्ञापन गर्दछु ।

"सुन्दर, समुन्नत र समृद्ध पिपरा पालिका " निर्माण गर्ने हाम्रो साझा संकल्पको ४ वर्ष कसरी बित्यो र हामीले जनतामाझ कस्तो विरासत (Legacy) छोड्दैछौं भन्ने समीक्षा गर्ने बेला आएको छ । तसर्थ, यो नीति तथा कार्यक्रम नयाँ योजनाको चाङ थप्नमा भन्दा पनि, विगतका अधुरा सपना पूरा गर्न, सुरु भएका ठूला पूर्वाधारलाई तार्किक निष्कर्षमा पुर्‍याउन र पालिकालाई एक दिगो, प्रविधिमैत्री र सुशासित स्वरूपमा नयाँ नेतृत्वलाई हस्तान्तरण गर्न केन्द्रित रहेको ब्यहोरा अनुरोध गर्दछु ।

**विद्यमान परिवेश, अवसर तथा चुनौती**

**माननीय सदस्यज्यूहरू,**

हाल आ.व. २०८३/८४ को नीति तथा कार्यक्रम तर्जुमा गरिरहँदा विश्व तथा राष्ट्रिय आर्थिक परिवेश मिश्रित चुनौती र अवसरका बीच रहेको छ। विश्वव्यापी आर्थिक मन्दी, अन्तर्राष्ट्रिय बजारमा देखिएको मूल्य अस्थिरता, जलवायु परिवर्तनका प्रभाव, तथा विभिन्न भू-राजनीतिक घटनाक्रमका कारण आर्थिक गतिविधिहरू अपेक्षित रूपमा विस्तार हुन सकेका छैनन्। राष्ट्रिय स्तरमा पनि राजस्व संकलन लक्ष्यअनुसार हुन नसक्नु, विकास खर्चको न्यून प्रगति, निजी क्षेत्रको लगानीमा सुस्तता तथा रोजगारका सीमित अवसरहरूले समग्र अर्थतन्त्रमा दबाब सिर्जना गरेको अवस्था छ।

यसको प्रत्यक्ष प्रभाव संघीय तथा प्रदेश सरकारबाट स्थानीय तहमा प्राप्त हुने वित्तीय हस्तान्तरण, समानीकरण अनुदान, सशर्त अनुदान तथा राजस्व बाँडफाँट रकममा समेत परेको छ। सीमित स्रोत र साधनका बाबजुद स्थानीय जनताका अपेक्षा तथा विकासका आवश्यकताहरू निरन्तर बढिरहेका छन्। यस्तो चुनौतीपूर्ण परिस्थितिमा उपलब्ध स्रोतको अधिकतम सदुपयोग गर्दै सुशासन, पारदर्शिता, वित्तीय अनुशासन, उत्पादन तथा रोजगारी अभिवृद्धि, पूर्वाधार विकास, कृषि आधुनिकीकरण, शिक्षा, स्वास्थ्य तथा सामाजिक सुरक्षा लगायतका क्षेत्रलाई प्राथमिकतामा राखी यो नीति तथा कार्यक्रम प्रस्तुत गरिएको छ।

**हाम्रा मुख्य अवसरहरूः**

- **संवैधानिक जगः** संविधानले प्रत्याभूत गरेका २२ वटा एकल अधिकार र स्थानीय कानुन निर्माण गर्ने नैसर्गिक अधिकारको हामीले ४ वर्षसम्म सफलतापूर्वक अभ्यास गरेका छौं ।
- **पूर्वाधारको आधारः** सबै वडाहरूमा सडक पूर्वाधारको सहज पहुँच पुगेको छ र कृषिजन्य उत्पादनको बजार पहुँचमा उल्लेख्य वृद्धि भएको छ ।
- **नागरिक चेतनाः** सरसफाइ, वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापनप्रति नागरिकको सचेतना अभिवृद्धि भएको छ। स्थानीय सरकारद्वारा प्रदान गरिने सेवा तथा सुविधाबारे नागरिकको जानकारी र पहुँच विस्तार भएको छ। डिजिटल प्रविधि, अनलाइन सेवा तथा सूचना प्रविधिको प्रयोगप्रति नागरिकको आकर्षण बढेको छ। सार्वजनिक सम्पत्तिको संरक्षण तथा विकास निर्माण कार्यप्रति अपनत्व र जिम्मेवारीबोधमा वृद्धि भएको छ।

- **हाम्रा मुख्य चुनौतीहरू:**

  युवाहरूलाई कृषि र स्थानीय उद्यमशीलतामा आकर्षित गरी विदेश पलायन रोक्नु ।
  विगत वर्षमा निर्माण भएका भौतिक पूर्वाधारहरूको स्थायी मर्मतसम्भार र संरक्षण गर्नु ।
  कृषकहरूलाई समयमै मल, बीउ र सिँचाइको सुनिश्चितता गर्नु ।
  अव्यवस्थित बस्ती विस्तारलाई नियन्त्रण गरी सेवाको गुणस्तरमा सुधार ल्याउनु ।

**चालु वर्षसम्मका प्रमुख उपलब्धिहरूको समीक्षा**

**सभाध्यक्ष महोदय,**

हामीले सुरु गरेका कामहरूको परिणाम देखिन थालेको छ। चालु आर्थिक वर्षसम्म हासिल भएका केही प्रमुख उपलब्धिहरू म यस सभासमक्ष संक्षेपमा राख्न चाहन्छु:

**१. पूर्वाधार तथा शहरी विकास**

- गाउँपालिकाको सेवा प्रवाहलाई थप प्रभावकारी, व्यवस्थित तथा नागरिकमैत्री बनाउन प्रशासकीय भवन निर्माणलाई निरन्तर प्राथमिकतामा राखिएको छ। भवन निर्माण तथा आवश्यक संरचनागत कार्यहरू क्रमिक रूपमा सम्पन्न हुँदै सेवा एकीकृत रूपमा सञ्चालन गर्ने वातावरण तयार गरिएको छ।

- सडक तथा नाला निर्माणतर्फ प्रत्येक वडामा व्यापक रूपमा पीसीसी ढलान तथा नाला निर्माण कार्य सम्पन्न गरिएको छ। वडा नं. १ को कृष्णापथ—सिरसिया सडक लगायत विभिन्न वडामा सडक स्तरोन्नति तथा जल निकास व्यवस्थापनका कार्यहरू सम्पन्न भएका छन्। यसले यातायात पहुँच तथा आवागमनलाई सहज बनाएको छ।

- सार्वजनिक सुरक्षा तथा रात्रीकालीन आवागमनलाई सहज बनाउन पिपरा बजार, सहोडवा लगायतका सार्वजनिक स्थलहरूमा सौर्य सडक बत्ती तथा टावर लाइट जडान तथा मर्मत कार्य सम्पन्न गरिएको छ।

**२. शिक्षा तथा खेलकुद विकास**

- शिक्षा क्षेत्रको गुणस्तर अभिवृद्धिका लागि विभिन्न विद्यालयहरूमा भवन निर्माण, कक्षाकोठा विस्तार तथा भौतिक पूर्वाधार विकासका कार्यहरू सम्पन्न गरिएका छन्। एकरहिया, बेनौली तथा ढेकाहा लगायतका विद्यालयहरूमा शैक्षिक पूर्वाधार सुदृढीकरण गरिएको छ।
- विद्यालय शिक्षालाई प्रविधिमैत्री बनाउन विज्ञान प्रयोगशाला, सूचना तथा सञ्चार प्रविधि (ICT) प्रयोगशाला स्थापना गरिएको छ। आर्थिक वर्ष २०८१/८२ मा सामुदायिक विद्यालयहरूमा स्मार्ट बोर्ड तथा सीसीटीभी क्यामेरा जडान गरी आधुनिक शिक्षण सिकाइ वातावरण निर्माण गरिएको छ।
- विद्यार्थीहरूको नियमित उपस्थितिलाई प्रोत्साहन गर्न विद्यालय झोला, बेञ्च—डेस्क वितरण गरिएको छ भने छात्राहरूका लागि निःशुल्क स्यानिटरी प्याड वितरण कार्यक्रम सञ्चालन गरिएको छ।
- खेलकुद क्षेत्रको विकासका लागि शहीद क्रिकेट प्रतियोगिता,महिला भलिबल लगायत विभिन्न खेलकुद कार्यक्रम सञ्चालन गरिएका छन्। स्थानीय युवा क्लबहरूलाई खेल सामग्री उपलब्ध गराई युवाहरूलाई खेलकुद गतिविधिमा सहभागी गराउने कार्य गरिएको छ।

## ३. स्वास्थ्य तथा सरसफाइ

- पिपरा जनता अस्पतालको सेवा स्तर अभिवृद्धि गर्न एक्स-रे मेसिन, भिडियो एक्स-रे, आईसीयू लगायतका स्वास्थ्य उपकरण खरिद गरी जडान गरिएको छ। विशेषज्ञ चिकित्सक तथा स्वास्थ्यकर्मी व्यवस्थापनमार्फत स्वास्थ्य सेवा थप प्रभावकारी बनाइएको छ।
- स्वास्थ्य चौकीहरूमा कम्प्युटर तथा प्रिन्टर उपलब्ध गराई सेवा प्रवाहलाई थप प्रभावकारी बनाइएको छ। यसबाट स्वास्थ्यसम्बन्धी अभिलेखीकरण, तथ्याङ्क व्यवस्थापन तथा अनलाइन रिपोर्टिङ कार्य समयमै सम्पन्न हुन सहयोग पुगेको छ। साथै, स्वास्थ्य सेवाको पहुँच र गुणस्तर अभिवृद्धिका लागि पोर्टेबल अल्ट्रासाउण्ड उपकरणसमेत उपलब्ध गराइएको छ।
- सुरक्षित खानेपानीको पहुँच विस्तार गर्न सार्वजनिक स्थल तथा विपन्न बस्तीहरूमा सयौं संख्यामा हातेपम्प जडान तथा वितरण गरिएको छ।
- बजार क्षेत्र तथा सार्वजनिक स्थलहरूको सरसफाइ, नाला सफाइ, फोहोर व्यवस्थापन तथा सेप्टिक ट्याङ्की सफाइसम्बन्धी कार्यक्रमहरू सञ्चालन गरी स्वच्छ वातावरण निर्माणमा योगदान पुऱ्याइएको छ।

## ४. कृषि तथा सिँचाइ विकास

- कृषि उत्पादन वृद्धि तथा किसानको आयआर्जन अभिवृद्धिका लागि कोची तथा बिगही सिँचाइ प्रणालीको निर्माण तथा मर्मत कार्य सम्पन्न गरिएको छ। यसबाट कृषियोग्य जमिनमा सिँचाइ सुविधा विस्तार भएको छ।
- किसानहरूलाई गहुँ तथा धानको उन्नत बीउमा ५० प्रतिशतसम्म अनुदान उपलब्ध गराइएको छ। कृषि उत्पादनको भण्डारण तथा संरक्षणका लागि वडा नं. ५ मा कोल्ड स्टोर निर्माण भइरहेको छ।
- कृषि क्षेत्रमा विद्युतीकरणलाई प्रोत्साहन गर्न नेपाल बिद्युत प्राधिकरण संग लागत साझेदारीमा कृषि विद्युतीकरणका लागि बजेट विनियोजन गरी किसानहरूको उत्पादन लागत घटाउने प्रयास गरिएको छ। सिँचाइ सुविधाको विस्तारका लागि विद्युत मोटरसहित ४ इन्च बोरिङ जडान गरी कृषियोग्य जमिनमा सिँचाइ पहुँच अभिवृद्धि गरिएको छ।
- विगतदेखि देखिँदै आएका खानेपानी समस्याको दीर्घकालीन समाधानका लागि बिघी नदीमा ड्याम निर्माण कार्यलाई उच्च प्राथमिकताका साथ अगाडि बढाइएको छ। साथै, पालिका क्षेत्रभित्रका कृषि तथा अन्य उपयोगका जग्गाहरूमा सिँचाइ सुविधा विस्तार गर्दै भू-जल पुनर्भरण (Water Recharge) हुने व्यवस्था सुदृढ हुनेछ, जसबाट जलस्रोतको संरक्षण, भूमिगत जलस्तर वृद्धि तथा दिगो खानेपानी व्यवस्थापनमा टेवा पुग्ने अपेक्षा गरिएको छ।

## ५. सामाजिक विकास तथा सांस्कृतिक संरक्षण

- बालविवाह न्यूनीकरणका लागि समुदायस्तरीय संवाद, सचेतनामूलक कार्यक्रम, २० वर्षपछि छोरीको विवाह गर्ने अभिभावकलाई सम्मान तथा बाल अधिकार समितिका नियमित बैठकहरू सञ्चालन गरिएको छ। हाल सम्म ३ वटा वडाहरु बाल बिबाह मुक्त घोषणा गरी २०८३ सम्म बाल बिबाह मुक्त पालिका घोषणा गर्ने लक्ष्य लिएका छौ। यस अभियानले सामाजिक रूपान्तरणमा सकारात्मक प्रभाव पारेको छ।
- महिला तथा पिछडिएका समुदायको आर्थिक सशक्तीकरणका लागि सिलाइ—कटाइ, ब्युटी पार्लर, अगरबत्ती निर्माण लगायतका सीपमूलक तालिम सञ्चालन गरी स्वरोजगार तथा आयआर्जनका अवसर सिर्जना गरिएको छ।
- धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षणका लागि दिदीया पोखरी, लबकी पोखरी,लक्ष्मी सागर पोखरी लगायतका पोखरीहरूको सौन्दर्यीकरण तथा घाट निर्माण कार्य सम्पन्न गरिएको छ। साथै बौधीमाई मन्दिर, दुर्गा मन्दिर,हनुमान मंदिर लगायतका धार्मिक स्थलहरूको संरक्षण तथा विकास गरी छठ, दशैं,एकरहियामा हुने काली पूजा,झिझिया नृत्य लगायतका सांस्कृतिक पर्वहरूको व्यवस्थापनमा सहयोग पुऱ्याइएको छ।

- उल्लेखित उपलब्धिहरूले पिपरा गाउँपालिकालाई समृद्ध, व्यवस्थित, समावेशी तथा नागरिकमैत्री स्थानीय सरकारको रूपमा विकास गर्न महत्वपूर्ण योगदान पुऱ्याएका छन्।
- न्यायिक समितिमा परेका उजुरीहरूको फैसला तथा मिलापत्र गराई स्थानीय स्तरमै न्याय सम्पादन गरिएको छ।

**आगामी आर्थिक वर्ष २०८३/८४ को विषयगत नीति तथा कार्यक्रम]**

**माननीय गाउँसभा सदस्यज्यूहरू,**

अब म यस कार्यकालको अन्तिम वर्षका लागि तय गरिएका मुख्य विषयगत नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्दछु:

**१. शिक्षा, युवा तथा खेलकुद नीति**

- गुणस्तरीय र समावेशी शिक्षाः "सबैका लागि गुणस्तरीय शिक्षा" अभियान अन्तर्गत कुनै पनि बालबालिका विद्यालय शिक्षाबाट वञ्चित नहुने व्यवस्थालाई निरन्तरता दिइनेछ। हाल कायम रहेका विद्यालयहरूलाई आवश्यकता अनुसार कक्षा स्तरोन्नति (अपग्रेड) गर्दै शैक्षिक सेवाको गुणस्तर अभिवृद्धि गरिनेछ। दलित, विपन्न, अनाथ तथा अपाङ्गता भएका विद्यार्थीहरूका लागि छात्रवृत्ति तथा शैक्षिक सहायता कार्यक्रम विस्तार गरिनेछ।
- डिजिटल तथा प्राविधिक शिक्षाः सामुदायिक विद्यालयहरूमा स्मार्ट कक्षा, ई—लाइब्रेरी तथा डिजिटल सिकाइ सामग्रीको प्रयोग विस्तार गरिनेछ। प्राविधिक तथा व्यावसायिक शिक्षालाई स्थानीय रोजगारीसँग जोड्दै सीपमूलक कार्यक्रम सञ्चालन गरिनेछ। कक्षा ९—१२ तहमा सञ्चालन भइरहेको प्राविधिक शिक्षालाई आवश्यक स्रोत—साधन तथा जनशक्तिको व्यवस्थापन गर्दै थप सुदृढ र व्यवस्थित रूपमा अगाडि बढाइनेछ।
- युवा उद्यमशीलता प्रवर्द्धनः "सीप, श्रम र स्वरोजगार" अभियान सञ्चालन गरी युवाहरूलाई कृषि, उद्योग, सूचना प्रविधि तथा सेवा क्षेत्रमा उद्यम स्थापना गर्न सहुलियतपूर्ण सहयोग उपलब्ध गराइनेछ। स्टार्टअप तथा नवप्रवर्तन कार्यक्रमलाई प्रोत्साहन गरिनेछ।
- खेलकुद विकासः प्रत्येक वडामा खेलकुद पूर्वाधार विकास तथा नियमित अन्तर-वडा प्रतियोगिता सञ्चालन गरिनेछ। क्रिकेटको बढदो लोकप्रियतालाई मध्यनजर गर्दै महिलाहरूको क्रिकेट प्रतियोगिता सञ्चालन गरिनेछ। युवा खेलाडीहरूको प्रतिभा विकासका लागि विशेष प्रशिक्षण तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।

**२. स्वास्थ्य, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**

- गुणस्तरीय स्वास्थ्य सेवाः पिपरा जनता अस्पतालमा विशेषज्ञ सेवा विस्तार, अत्याधुनिक स्वास्थ्य उपकरण व्यवस्थापन तथा डिजिटल स्वास्थ्य अभिलेख प्रणाली लागू गरिनेछ। विद्यालय स्वास्थ्य परीक्षण कार्यक्रमलाई नियमितता दिइनेछ।
- मातृ तथा शिशु स्वास्थ्यः गर्भवती तथा सुत्केरी महिलाका लागि पोषण, स्वास्थ्य परामर्श तथा सुरक्षित मातृत्व कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ। कुपोषण न्यूनीकरणका लागि लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।
- महिला तथा बाल अधिकार संरक्षणः महिला हिंसा, मानव बेचबिखन तथा बालश्रम विरुद्ध सचेतना तथा सहायता कार्यक्रम सञ्चालन गरिनेछ। बालमैत्री तथा लैङ्गिकमैत्री स्थानीय शासन प्रवर्द्धन गरिनेछ।
- समावेशी विकासः दलित, अल्पसंख्यक, पिछडिएका वर्ग, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको सामाजिक तथा आर्थिक सशक्तीकरणका लागि लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।

**३. कृषि, उद्योग, पर्यटन तथा रोजगारी नीति**

- व्यावसायिक कृषि प्रवर्द्धनः कृषकहरूको डिजिटल तथ्याङ्क अद्यावधिक गरी उत्पादनमा आधारित अनुदान तथा प्राविधिक सेवा उपलब्ध गराइनेछ। सिँचाइ, कृषि यान्त्रीकरण तथा कृषि बीमालाई प्रोत्साहन गरिनेछ।
- कृषि बजार तथा मूल्य श्रृङ्खला विकासः कृषि उपज सङ्कलन केन्द्र, शीत भण्डारण तथा कृषि बजार व्यवस्थापनलाई सुदृढ गरिनेछ। दूध, फलफूल तथा तरकारी उत्पादनमा आधारित क्लस्टर विकास कार्यक्रम सञ्चालन गरिनेछ।
- स्थानीय उद्योग प्रवर्द्धनः घरेलु तथा साना उद्योगलाई प्रोत्साहन गर्दै महिला तथा युवालाई उद्यमशीलता विकास कार्यक्रमसँग आबद्ध गरिनेछ। स्थानीय उत्पादनको ब्राण्डिङ तथा बजारीकरणमा सहयोग गरिनेछ।

- पर्यटन विकासः विद्यापति धाम, बौधीमाई मन्दिर, पिपरा हनुमान मन्दिर तथा अन्य धार्मिक, ऐतिहासिक र सांस्कृतिक सम्पदाहरूको संरक्षण तथा प्रचारप्रसार गरी धार्मिक तथा सांस्कृतिक पर्यटनको विकास गरिनेछ।

## ४. भौतिक पूर्वाधार, वातावरण तथा विपद् व्यवस्थापन

- दिगो पूर्वाधार विकासः अधुरा तथा क्रमागत योजनाहरूलाई प्राथमिकताका साथ सम्पन्न गरिनेछ। मुख्य सडकहरूको स्तरोन्नति, नाला निर्माण तथा सडक बत्ती विस्तारलाई निरन्तरता दिइनेछ।
- हरित तथा स्वच्छ पालिकाः वृक्षारोपण, जल संरक्षण, फोहोर व्यवस्थापनको लागि ल्यांड फिल्ड साइट निर्माण गरी फोहोरव्य वस्थापन तथा प्लास्टिक न्यूनीकरण अभियान सञ्चालन गरिनेछ। सार्वजनिक स्थलहरूको सौन्दर्यीकरण तथा हरियाली प्रवर्द्धन गरिनेछ।
- जलवायु तथा विपद् व्यवस्थापनः बाढी, डुबान, आगलागी तथा अन्य प्राकृतिक विपद् जोखिम न्यूनीकरणका लागि पूर्वतयारी, उद्धार सामग्री व्यवस्थापन तथा समुदायस्तरीय क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।
- सार्वजनिक सम्पत्ति संरक्षणः सार्वजनिक जग्गा, पोखरी, नदी तथा खुला क्षेत्रहरूको संरक्षण, अभिलेखीकरण तथा व्यवस्थापनलाई प्राथमिकता दिइनेछ।

## ५. सुशासन, डिजिटल सेवा तथा वित्तीय व्यवस्थापन

- डिजिटल सेवा विस्तारः नागरिकले घरमै बसेर सेवा प्राप्त गर्न सक्ने गरी अनलाइन सेवा प्रणाली विस्तार गरिनेछ। योजना, राजस्व, लेखा तथा अभिलेख व्यवस्थापनलाई पूर्ण रूपमा प्रविधिमैत्री बनाइनेछ।
- पारदर्शिता तथा जवाफदेहिताः सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण तथा नागरिक प्रतिवेदन प्रणालीलाई थप प्रभावकारी बनाइनेछ। बजेट तथा खर्च विवरण नियमित रूपमा सार्वजनिक गरिनेछ।
- आन्तरिक आय अभिवृद्धिः राजस्वका नयाँ स्रोतहरूको पहिचान गरी कर प्रशासनलाई व्यवस्थित बनाइनेछ। स्थानीय स्रोत तथा साधनको अधिकतम उपयोगमार्फत आत्मनिर्भर वित्तीय प्रणाली विकास गरिनेछ।
- सेवा प्रवाह सुधारः कर्मचारी क्षमता विकास, सेवा मापन प्रणाली तथा नागरिक गुनासो व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाई सुशासन प्रवर्द्धन गरिनेछ।

**आगामी आर्थिक वर्ष २०८३/८४ को अनुमानित बजेटको संक्षिप्त रूप**

माथिका नीति तथा कार्यक्रमहरू सफलतापूर्वक कार्यान्वयन गर्नका लागि आगामी आर्थिक वर्ष २०८३/८४ को लागि कुल **५०,१४,९२,५०० (पचास करोड चौध लाख बिरान्वे हजार पाँच सय रुपैयाँ)** को आय-व्ययको अनुमान गरिएको छ।

| | | |
|---|---|---|
| **संघीय सरकार** | बितीय समानीकरण अनुदान | ११३०००००० |
| | सशर्त अनुदान चालु | १८६४३६५०० |
| | राजस्व बाडफाड | १०१०३१००० |
| | बिशेष अनुदान | २८५००००० |
| | सम्पूरक अनुदान | ५०००००० |
| | **जम्मा** | **४३,३९,६७,५००** |
| | बितीय समानीकरण अनुदान | ७८२५००० |
| | सशर्त अनुदान | ८०००००० |
| | राजस्व बाडफाड | ५७००००० |

| | | |
|---|---|---|
| | बिशेष अनुदान | ३०००००० |
| | सम्पूरक अनुदान | ३०००००० |
| | **जम्मा** | **२,७५,२५,०००** |
| | राजस्व | २०००००००० |
| | बैंक मौजदात | २०००००००० |
| जम्मा | | **४००००००००** |
| कुल जम्मा | | **५०,१४,९२,५००** |

**आदरणीय उपस्थित सम्पूर्ण महानुभावहरू,**

बजेटको विस्तृत विनियोजन र विधेयकहरू यस सभाबाट क्रमशः स्वीकृत हुने नै छन् । विस्तृत विवरण सहितको पुस्तिका स्थानीय राजपत्रमा चाँडै प्रकाशन गरिनेछ ।

आज यो नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा म निकै भावुक र गौरवान्वित छु। विगत ४ वर्षअघि जब हामीले यस गाउँपालिकाको नेतृत्व सम्हालेका थियौं, हामीसँग अनुभव कम र चुनौतीका पहाडहरू धेरै थिए। तर, यस गरिमामय गाउँसभाका माननीय सदस्यज्यूहरूको निरन्तर सहयोग, कर्मचारी मित्रहरूको अहोरात्रको खटाई र पिपरावासी आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरूको अटुट विश्वासकै कारण आज पिपराले विकासको एउटा बलियो जग पाएको छ ।
४ वर्षको यो अवधिमा हामीबाट केही कमीकमजोरी पक्कै भए होलान्, तर हाम्रो नियत र प्रयास सधैं पिपराको हित र समृद्धिमै केन्द्रित रह्यो। यो हाम्रो कार्यकालको अन्तिम बजेट र नीति भएकाले, हामीले सुरु गरेका अधुरा कामहरू पूरा गरी आगामी आउने नयाँ नेतृत्वलाई एउटा सुशासित, आर्थिक रूपमा सबल, र डिजिटल प्रविधियुक्त **"नमूना पिपरा गाउँपालिका"** हस्तान्तरण गर्न पाउनु नै हाम्रो सबैभन्दा ठूलो उपलब्धि र गौरव हुनेछ ।

अन्त्यमा, यो नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्न प्रत्यक्ष एवं अप्रत्यक्ष रूपमा अमूल्य सुझाव र सहयोग पुऱ्याउनुहुने सम्पूर्ण गाउँपालिकाका पदाधिकारीहरू, राष्ट्रसेवक कर्मचारीहरू, राजनीतिक दलहरू, सञ्चारकर्मीहरू र आम नागरिकहरूमा पुनः एकपटक हृदयदेखि नै आभार प्रकट गर्दछु । यसको सफल कार्यान्वयनमा पनि यहाँहरूको विगतमा जस्तै निरन्तर सहयोगको अपेक्षा गर्दछु ।
हामीले समृद्ध पिपराको जग बसालेका छौं, अब यसलाई अझ उच्च गतिमा अगाडि बढाउने जिम्मेवारी हाम्रो साझा हो।
" पिपरा गाउँपालिकाको पहिचान सफा सुन्दर, समृद्ध र पारदर्शी अभियान!"

**धन्यवाद ।**
**जय पिपरा, जय नेपाल ।**

# पिपरा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, महोत्तरी
**कार्यालयको कोड : ८०२१८५०३३००**

### आय व्ययको बिबरण

आ.व. : २०७९/८० अवधी : २०७९/०४/०१-२०८०/०३/३१

**आय**

| शीर्षक | प्रस्तावित आय | वास्तविक आय | आम्दानी(%) | मौज्दात |
|---|---|---|---|---|
| संघीय सरकार | ३५,४१,०२,०००.०० | ३४,६६,०९,५००.०० | ९७.८८ | ७४,९२,५००.०० |
| १३३११ समानिकरण अनुदान | १३,०७,००,०००.०० | १२,०८,९७,५००.०० | ९२.५ | ९८,०२,५००.०० |
| १३३१२ शसर्त अनुदान चालु | २०,०८,८६,०००.०० | २०,३२,५१,०००.०० | १०१.१८ | (२३,६५,०००.००) |
| १३३१३ शसर्त अनुदान पुँजीगत | १,७५,१६,०००.०० | १,७४,६१,०००.०० | ९९.६९ | ५५,०००.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | ५०,००,०००.०० | ५०,००,०००.०० | १०० | ०.०० |
| प्रदेश सरकार | १,६८,८९,०००.०० | १,५७,१८,५००.०० | ९३.०७ | ११,७०,५००.०० |
| १३३११ समानिकरण अनुदान | ९३,८९,०००.०० | ८२,१८,५००.०० | ८७.५३ | ११,७०,५००.०० |
| १३३१२ शसर्त अनुदान चालु | २५,००,०००.०० | ०.०० | ० | २५,००,०००.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ०.०० | २५,००,०००.०० | २५०००००० | (२५,००,०००.००) |
| १३३१४ विषेश अनुदान चालु | ३०,००,०००.०० | ३०,००,०००.०० | १०० | ०.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | २०,००,०००.०० | २०,००,०००.०० | १०० | ०.०० |
| राजस्व बाडफाड | ९,५८,२०,०००.०० | ५,९२,६३,८२३.९२ | ६१.८५ | ३,६५,५६,१७६.०८ |
| ११३१५ घरजग्गा रजिष्टेशन दस्तुर | ३०,००,०००.०० | ९,८३,३२४.०० | ३२.७८ | २०,१६,६७६.०० |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ८,९७,२०,०००.०० | ५,७८,०२,७२३.९२ | ६४.४३ | ३,१९,१७,२७६.०८ |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ३१,००,०००.०० | ४,७७,७७६.०० | १५.४१ | २६,२२,२२४.०० |
| अन्तरिक श्रोत | ३७,२९,२३,१९१.०० | २३,६२,५८,६२१.५१ | ६३.३५ | १३,६६,६४,५६९.४९ |
| ११३१४ भुमिकर/मालपोत | ३,००,०००.०० | ०.०० | ० | ३,००,०००.०० |
| ११३२१ वहाल कर | २,००,०००.०० | ०.०० | ० | २,००,०००.०० |
| ११३२२ वहाल विटौरी कर | १,५८,००,०००.०० | ०.०० | ० | १,५८,००,०००.०० |
| ११६९१ अन्य कर | ९,५०,००,०००.०० | ०.०० | ० | ९,५०,००,०००.०० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | ३,००,०००.०० | ०.०० | ० | ३,००,०००.०० |
| १४२४३ सिफारिश दस्तुर | १,५०,०००.०० | ०.०० | ० | १,५०,०००.०० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ५०,०००.०० | ०.०० | ० | ५०,०००.०० |
| १४२४५ नाता प्रमाणित दस्तुर | २०,०००.०० | ०.०० | ० | २०,०००.०० |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | ४०,०००.०० | ०.०० | ० | ४०,०००.०० |
| १४५२९ अन्य राजस्व | २,२३,०४,५६९.४९ | ०.०० | ० | २,२३,०४,५६९.४९ |
| १५१११ बेरूजू | २५,००,०००.०० | ०.०० | ० | २५,००,०००.०० |
| ३२१२२ बैंक मौज्दात | २३,६२,५८,६२१.५१ | २३,६२,५८,६२१.५१ | १०० | ०.०० |
| जम्मा | ८३,९७,३४,१९१.०० | ६५,७८,५०,४४५.४३ | ७८.३४ | १८,१८,८३,७४५.५७ |

**व्यय**

| शीर्षक | बार्षिक बजेट | खर्च | खर्च(%) | मौज्दात |
|---|---|---|---|---|
| चालु | ५०,५५,४९,१९१.०० | ३५,९७,४४,३१६.२८ | ७१.१६ | १४,५८,०४,८७४.७२ |
| २११११ पारिश्रमिक कर्मचारी | १८,०८,४०,०००.०० | १६,३३,२६,१८२.५२ | ९०.३२ | १,७५,१३,८१७.४८ |
| २११२१ पोशाक | १३,२४,०००.०० | १२,३७,०१६.०० | ९३.४३ | ८६,९८४.०० |
| २११३१ स्थानीय भत्ता | ३९,०००.०० | ०.०० | ० | ३९,०००.०० |
| २११३२ महंगी भत्ता | ६,२४,०००.०० | ६,३६,०००.०० | १०१.९२ | (१२,०००.००) |
| २११३३ फिल्ड भत्ता | २,००,०००.०० | १,९९,४४५.०० | ९९.७२ | ५५५.०० |
| २११३४ कर्मचारीको बैठक भत्ता | ५,८१,०००.०० | २,८६,९१२.०० | ४९.३८ | २,९४,०८८.०० |
| २११३९ अन्य भत्ता | १२,८०,०००.०० | ३,०९,२००.०० | २४.१६ | ९,७०,८००.०० |
| २११४१ पदाधिकारी बैठक भत्ता | २९,७५,०००.०० | २०,२५,६०१.०० | ६८.०९ | ९,४९,३९९.०० |
| २११४२ पदाधिकारीअन्य सुबिधा | ८०,८८,०००.०० | ८०,८८,०००.०० | १०० | ०.०० |
| २१२१४ कर्मचारी कल्याण कोष | १०,००,०००.०० | १०,००,०००.०० | १०० | ०.०० |
| २२१११ पानी तथा बिजुली | ४०,००,०००.०० | ४,००,९४५.०० | १०.०२ | ३५,९९,०५५.०० |
| २२११२ संचार महसुल | १०,०५,०००.०० | ५,९८,३२८.५६ | ५९.५४ | ४,०६,६७१.४४ |
| २२११३ सार्वजनिक उपयोगिताको सेवा खर्च | २५,००,०००.०० | १२,०४,०९३.०० | ४८.१६ | १२,९५,९०७.०० |
| २२२११ इन्धन (पदाधिकारी) | ४,००,०००.०० | ४,००,०००.०० | १०० | ०.०० |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | ४२,००,०००.०० | ३४,८६,४०५.०० | ८३.०१ | ७,१३,५९५.०० |
| २२२१३ सवारी साधन मर्मत खर्च | १२,००,०००.०० | ११,९९,५१७.०० | ९९.९६ | ४८३.०० |
| २२२१४ बिमा तथा नवीकरण खर्च | ३३,००,०००.०० | ३९,८७७.०० | १.२१ | ३२,६०,१२३.०० |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | १६,१०,०००.०० | १०,८७,६६८.०० | ६७.५६ | ५,२२,३३२.०० |
| २२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | ३५,००,०००.०० | ०.०० | ० | ३५,००,०००.०० |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | ४७,१०,०००.०० | ४६,४६,२७८.०० | ९८.६५ | ६३,७२२.०० |
| २२३१३ पुस्तक तथा सामग्री खर्च | ७१,००,०००.०० | १२,८५,३२५.०० | १८.१ | ५८,१४,६७५.०० |
| २२३१४ इन्धन - अन्य प्रयोजन | २,००,०००.०० | २,००,०००.०० | १०० | ०.०० |
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | २९,००,०००.०० | १८,७६,१९८.०० | ६४.७ | १०,२३,८०२.०० |
| २२३१९ अन्य कार्यालय संचालन खर्च | २,६५,०००.०० | ०.०० | ० | २,६५,०००.०० |
| २२४११ सेवा र परामर्श खर्च | ३८,२०,०००.०० | ८,२५,५४०.०० | २१.६१ | २९,९४,४६०.०० |
| २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ५७,६५,०००.०० | ३३,९००.०० | ०.५९ | ५७,३१,१००.०० |
| २२४१३ करार सेवा शुल्क | १,६७,५०,०००.०० | ८०,५९,९७०.०० | ४८.१२ | ८६,९०,०३०.०० |
| २२४१४ सरसफाईसेवा शुल्क | ३१,५०,०००.०० | १९,७०,२०५.०० | ६२.५५ | ११,७९,७९५.०० |
| २२४१९ अन्य सेवा शुल्क | २,००,०००.०० | ४,२६०.०० | २.१३ | १,९५,७४०.०० |
| २२५११ कर्मचारी तालिम खर्च | ४,००,०००.०० | ०.०० | ० | ४,००,०००.०० |
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ४९,६१,१६७.०० | १४,३८,५२८.०० | २९ | ३५,२२,६३९.०० |
| २२५२१ उत्पादन सामग्री / सेवा खर्च | १,६५,००,०००.०० | ८९,४७,०४८.०० | ५४.२२ | ७५,५२,९५२.०० |
| २२५२२ कार्यक्रम खर्च | ४,३०,१६,०२४.०० | १,९५,५६,५१४.०० | ४५.४६ | २,३४,५९,५१०.०० |
| २२५२९ विविध कार्यक्रम खर्च | ७०,८१,०००.०० | १५,३४,३४५.०० | २१.६७ | ५५,४६,६५५.०० |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | १३,३०,०००.०० | २,३४,५३०.०० | १७.६३ | १०,९५,४७०.०० |
| २२६१२ भ्रमण खर्च | १७,१०,०००.०० | १,७६,४५०.०० | १०.३२ | १५,३३,५५०.०० |
| २२७११ विविध खर्च | ९,९८,००,०००.०० | ९,६१,३९,५९४.२० | ९६.३३ | ३६,६०,४०५.८० |
| २२७२१ सभा सञ्चालन खर्च | १४,००,०००.०० | १२,२४,३००.०० | ८७.४५ | १,७५,७००.०० |

## पिपरा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, महोत्तरी
**कार्यालयको कोड : ८०२१८५०३३००**

### आय व्ययको बिबरण

आ.व. : २०७९/८० अवधी : २०७९/०४/०१-२०८०/०३/३१

| आय | व्यय | | | | |
|---|---|---|---|---|---|
| | २५१११ गैर वित्तीय संस्थानहरूलाई चालु सहायता | ५,००,०००.०० | ०.०० | ० | ५,००,०००.०० |
| | २५३११ शैक्षिक संस्थाहरूलाई सहायता | ८३,९५,०००.०० | ५९,४४,४३३.०० | ७०.८१ | २४,५०,५६७.०० |
| | २५३१२ स्वास्थ संस्थाहरूलाई सहायता | १५,००,०००.०० | ०.०० | ० | १५,००,०००.०० |
| | २५३१४ धार्मिक तथा सांस्कृतिक संस्था सहायता | ७,५०,०००.०० | ३,५६,७००.०० | ४७.५६ | ३,९३,३००.०० |
| | २५३१५ अन्य सस्था सहायता | ५,००,०००.०० | ६२,१९०.०० | १२.४४ | ४,३७,८१०.०० |
| | २६३३२ सशर्त अनुदान (चालु) | १,४७,०६,०००.०० | ७३,७१,९२९.०० | ५०.१३ | ७३,३४,०७१.०० |
| | २७११२ अन्य सामाजिक सुरक्षा | ४०,००,०००.०० | ३०,००,०००.०० | ७५ | १०,००,०००.०० |
| | २७२११ छात्रवृत्ति | २७,२४,०००.०० | १४,२४,०००.०० | ५२.२८ | १३,००,०००.०० |
| | २७२१२ उद्दार, राहत तथा पुनर्स्थापना खर्च | ३३,००,०००.०० | ०.०० | ० | ३३,००,०००.०० |
| | २७२१३ औषधीखरिद खर्च | ६४,३०,०००.०० | ६०,५२,०६९.०० | ९४.१२ | ३,७७,९३१.०० |
| | २७२१९ अन्य सामाजिक सहायता | २५,००,०००.०० | ०.०० | ० | २५,००,०००.०० |
| | २७३१२ उपदान | २,००,००,०००.०० | १४,०१,४६०.०० | ७.०१ | १,८५,९८,५४०.०० |
| | २८१४२ घरभाडा | ४,००,०००.०० | ३,३३,३६०.०० | ८३.३४ | ६६,६४०.०० |
| | २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | १,२०,०००.०० | १,२०,०००.०० | १०० | ०.०० |
| | पूंजीगत | ३३,७६,१०,०००.०० | १७,८७,२२,०२१.९९ | ५२.९४ | १५,८८,८७,९७८.०१ |
| | ३१११११ आवासीय भवन निर्माण/खरिद | १,२४,००,०००.०० | १,०३,२०,०००.०० | ८३.२३ | २०,८०,०००.०० |
| | ३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च | १,२९,००,०००.०० | ९६,४३,५८१.०० | ७४.७६ | ३२,५६,४१९.०० |
| | ३१११४ जग्गा विकास कार्य | ५,००,०००.०० | ०.०० | ० | ५,००,०००.०० |
| | ३११२१ सवारी साधन | १२,००,०००.०० | १०,६५,०८६.०० | ८८.७६ | १,३४,९१४.०० |
| | ३११२२ मेशिनरी तथा औजार | ७३,५५,०००.०० | ३४,७४,४४३.०० | ४७.२४ | ३८,८०,५५७.०० |
| | ३११२३ फर्निचर तथा फिक्चर्स | ५६,११,०००.०० | १४,७७,७८७.०० | २६.३४ | ४१,३३,२१३.०० |
| | ३११३२ अनुसन्धान तथा विकास सम्बन्धी खर्च | ११,००,०००.०० | १०,००,०००.०० | ९०.९१ | १,००,०००.०० |
| | ३११३४ कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | १६,५०,०००.०० | ८,६१,८१७.०० | ५२.२३ | ७,८८,१८३.०० |
| | ३११४१ सुरक्षा प्रणाली तथा उपकरण प्राप्ति खर्च | १२,००,०००.०० | ०.०० | ० | १२,००,०००.०० |
| | ३११५१ सडक तथा पूल निर्माण | ९,२१,५५,०००.०० | ४,६८,४०,०८०.०० | ५०.८३ | ४,५३,१४,९२०.०० |
| | ३११५३ विद्युत संरचना निर्माण | ५२,००,०००.०० | १७,४२,४४२.०० | ३३.५१ | ३४,५७,५५८.०० |
| | ३११५४ तटबन्ध तथा बाँधनिर्माण | १,२५,०००.०० | ०.०० | ० | १,२५,०००.०० |
| | ३११५५ सिंचाई संरचना निर्माण | १,०८,००,०००.०० | ९७,६१,४४१.०० | ९०.३८ | १०,३८,५५९.०० |
| | ३११५६ खानेपानी संरचना निर्माण | २९,००,०००.०० | ९,४०,४९५.०० | ३२.४३ | १९,५९,५०५.०० |
| | ३११५७ वन तथा वातावरण संरक्षण | ५,००,०००.०० | ०.०० | ० | ५,००,०००.०० |
| | ३११५८ सरसफाई संरचना निर्माण | ३,१६,५०,०००.०० | १,६६,७७,३२९.०० | ५२.६९ | १,४९,७२,६७१.०० |
| | ३११५९ अन्य सार्वजनिक निर्माण | १२,३७,६४,०००.०० | ६,०५,६९,९०१.९९ | ४८.९४ | ६,३१,९४,०९८.०१ |
| | ३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च | १,६३,००,०००.०० | ८२,०७,१६७.०० | ५०.३५ | ८०,९२,८३३.०० |
| | ३११७१ पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | ५३,००,०००.०० | २७,४२,०५२.०० | ५१.७४ | २५,५७,९४८.०० |
| | ३११७२ पूँजीगत अनुसन्धान तथा परामर्श | ५०,००,०००.०० | ३३,९८,४००.०० | ६७.९७ | १६,०१,६००.०० |
| | जम्मा | ८४,३१,५९,१९१.०० | ५३,८४,६६,३३८.२७ | ६३.८६ | ३०,४६,९२,८५२.७३ |

# पिपरा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, महोत्तरी
**कार्यालयको कोड : ८०२१८५०३३००**

### आय व्ययको बिबरण

आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१-२०८२/०३/३२

**आय**

| शीर्षक | प्रस्तावित आय | वास्तविक आय | आम्दानी(%) | मौज्दात |
|---|---|---|---|---|
| संघीय सरकार | ३६,८०,६३,०००.०० | २९,७६,९८,४०५.५३ | ८०.८८ | ७,०३,६४,५९४.४७ |
| १३३११ समानिकरण अनुदान | ११,६७,००,०००.०० | १०,७०,८३,९२०.०० | ९१.७६ | ९६,१६,०८०.०० |
| १३३१२ शसर्त अनुदान चालु | २२,१३,६३,०००.०० | १८,०१,०५,२६६.४५ | ८१.३६ | ४,१२,५७,७३३.५५ |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ९०,००,०००.०० | ७५,०९,२१९.०८ | ८३.४४ | १४,९०,७८०.९२ |
| १३३१४ विषेश अनुदान चालु | १,८०,००,०००.०० | ०.०० | ० | १,८०,००,०००.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | ३०,००,०००.०० | ३०,००,०००.०० | १०० | ०.०० |
| प्रदेश सरकार | २,१४,२८,०००.०० | १,३४,२१,०८७.१६ | ६२.६३ | ८०,०६,९१२.८४ |
| १३३११ समानिकरण अनुदान | ८४,२८,०००.०० | ८४,२८,०००.०० | १०० | ०.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ८०,००,०००.०० | ०.०० | ० | ८०,००,०००.०० |
| १३३१४ विषेश अनुदान चालु | ३०,००,०००.०० | २९,९३,०८७.१६ | ९९.७७ | ६,९१२.८४ |
| १३३१५ विषेश अनुदान पुँजीगत | ०.०० | ०.०० | ० | ०.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | २०,००,०००.०० | २०,००,०००.०० | १०० | ०.०० |
| राजस्व बाडफाड | १०,४९,३०,०००.०० | ९,४५,५०,९४३.३५ | ९०.११ | १,०३,७९,०५६.६५ |
| ११३१५ घरजग्गा रजिष्ट्रेशन दस्तुर | ८०,००,०००.०० | ७०,०१,०५९.२९ | ८७.५१ | ९,९८,९४०.७१ |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य | ७,००,७१,०४७.०० | ६,११,२६,२४६.१४ | ८७.२३ | ८९,४४,८००.८६ |

**व्यय**

| शीर्षक | बार्षिक बजेट | खर्च | खर्च(%) | मौज्दात |
|---|---|---|---|---|
| चालु | ४०,७०,२६,५४८.०० | २८,९१,०१,१४४.३६ | ७१.०३ | ११,७९,२५,४०३.६४ |
| २१११११ पारिश्रमिक कर्मचारी | १९,७०,२७,५२७.०० | १६,१९,५३,१६५.०२ | ८२.२ | ३,५०,७४,३६१.९८ |
| २१११२ पारिश्रमिक पदाधिकारी | १,००,००,०००.०० | ७१,५६,३६५.०० | ७१.५६ | २८,४३,६३५.०० |
| २११२१ पोशाक | ४,९०,०००.०० | २,८०,०००.०० | ५७.१४ | २,१०,०००.०० |
| २११२२ खाद्यान्न | ९,९९,७५०.०० | ०.०० | ० | ९,९९,७५०.०० |
| २११२३ औषधीउपचार खर्च | ८,०००.०० | ०.०० | ० | ८,०००.०० |
| २११३२ महंगी भत्ता | ६,००,०००.०० | ५,९१,७३३.३३ | ९८.६२ | ८,२६६.६७ |
| २११३३ फिल्ड भत्ता | ३,३६,०००.०० | ३,३६,०००.०० | १०० | ०.०० |
| २११३४ कर्मचारीको बैठक भत्ता | २,५२,०००.०० | १,४८,४९०.०० | ५८.९२ | १,०३,५१०.०० |
| २११३९ अन्य भत्ता | ४५,७१,०५०.०० | २०,८३,४९१.८० | ४५.५८ | २४,८७,५५८.२० |
| २११४१ पदाधिकारी बैठक भत्ता | १,८२,०००.०० | ९४,८००.०० | ५२.०९ | ८७,२००.०० |
| २१२११ कर्मचारीको सामाजिक सुरक्षा कोष खर्च | ४,००,०००.०० | ३,७६,४११.२० | ९४.१ | २३,५८८.८० |
| २१२१४ कर्मचारी कल्याण कोष | ४,००,०००.०० | ०.०० | ० | ४,००,०००.०० |
| २१२१९ अन्य सामाजिक सुरक्षा खर्च | १४,००,०००.०० | २,९१,६००.०० | २०.८३ | ११,०८,४००.०० |
| २२१११ पानी तथा बिजुली | १४,८७,४१०.०० | ९,९८,२८०.०० | ६७.१२ | ४,८९,१३०.०० |
| २२११२ संचार महसुल | ३,३०,०००.०० | ३,१६,७७८.०० | ९५.९९ | १३,२२२.०० |
| २२११३ सार्वजनिक उपयोगिताको सेवा खर्च | १,२०,०००.०० | ८४,३००.०० | ७०.२५ | ३५,७००.०० |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | ५१,००,०००.०० | ४८,०८,९४४.४९ | ९४.२९ | २,९१,०५५.५१ |
| २२२१३ सवारी साधन मर्मत खर्च | १५,७७,८६१.०० | ९,९३,६७०.२५ | ६२.९८ | ५,८४,१९०.७५ |
| २२२१४ बिमा तथा नवीकरण खर्च | ५,१८,११३.०० | ३८,८१७.०० | ७.४९ | ४,७९,२९६.०० |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ९,३२,२७१.०० | ६,८८,२२८.८४ | ७३.८१ | २,४४,०४२.१६ |
| २२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | २,३०,०००.०० | २,२९,०००.०० | ९९.५७ | १,०००.०० |

# पिपरा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, महोत्तरी
**कार्यालयको कोड : ८०२१८५०३३००**

### आय व्ययको बिबरण

आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१-२०८२/०३/३२

**आय**

| | | | | |
|---|---|---|---|---|
| अभिबृद्धि कर | | | | |
| ११४२१ बाँडफाँड भ◌र्इ प्राप्त हुने अन्त:शुल्क | २,४८,५८,९५३.०० | २,२१,७९,५८७.९२ | ८९.२२ | २६,७९,३६५.०८ |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | २०,००,०००.०० | ४२,४४,०५०.०० | २१२.२ | (२२,४४,०५०.००) |
| अन्तरिक श्रोत | २४,७०,१५,९६०.०० | ४,६२,८७,५४४.७८ | १८.७३ | २०,०७,२८,४१५.२२ |
| ११३१३ सम्पती कर | ८०,००,०००.०० | ३,०७१.०० | ०.०४ | ७९,९६,९२९.०० |
| ११३१४ भुमिकर/ मालपोत | २,२०,३५,०००.०० | ९,५५,४२८.६१ | ४.३४ | २,१०,७९,५७१.३९ |
| ११३१७ वहाल कर | १,३०,००,०००.०० | १२,७०,७३२.०८ | ९.७७ | १,१७,२९,२६७.९२ |
| ११३१८ वहाल विटौरी कर | १,००,००,०००.०० | ५५,७६,८१३.०० | ५५.७७ | ४४,२३,१८७.०० |
| ११६९१ अन्य कर | ३,५०,००,०००.०० | ६४,४६०.०० | ०.१८ | ३,४९,३५,५४०.०० |
| १४२२१ न्यायिक दस्तूर | १,५०,००,०००.०० | १३,०७५.०० | ०.०९ | १,४९,८६,९२५.०० |
| १४२२४ परीक्षा शुल्क | १,७०,००,०००.०० | ४१,५००.०० | ०.२४ | १,६९,५८,५००.०० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | २,५०,००,०००.०० | १०,०६,७२१.०० | ४.०३ | २,३९,९३,२७९.०० |
| १४२४२ नक्सापास दस्तुर | ३५,००,०००.०० | २,३४,८३६.६८ | ६.७१ | ३२,६५,१६३.३२ |
| १४२४३ सिफारिश दस्तुर | ९२,५०,८१९.५९ | ७,७५,४७६.०० | ८.३८ | ८४,७५,३४३.५९ |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ४०,००,०००.०० | ३,४९,६६०.०० | ८.७४ | ३६,५०,३४०.०० |
| १४२४५ नाता प्रमाणित दस्तुर | १,३०,००,०००.०० | १९,८८०.०० | ०.१५ | १,२९,८०,१२०.०० |

**व्यय**

| | | | | |
|---|---|---|---|---|
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | १,१२,८३,८४३.०० | ८८,०१,५७८.९० | ७८ | २४,८२,२६४.१० |
| २२३१३ पुस्तक तथा सामग्री खर्च | ०.०० | ०.०० | ० | ०.०० |
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | २७,००,०००.०० | २६,७७,८४१.०० | ९९.१८ | २२,१५९.०० |
| २२३१९ अन्य कार्यालय संचालन खर्च | ४९,७८,९२६.०० | २१,४५,८४२.०५ | ४३.१ | २८,३३,०८३.९५ |
| २२४११ सेवा र परामर्श खर्च | ४५,००,०००.०० | २१,०५,०००.०० | ४६.७८ | २३,९५,०००.०० |
| २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ४,९३,८१०.०० | ०.०० | ० | ४,९३,८१०.०० |
| २२४१३ करार सेवा शुल्क | २,२६,००,०००.०० | १,९०,७२,९८२.०० | ८४.३९ | ३५,२७,०१८.०० |
| २२४१४ सरसफाईसेवा शुल्क | ३६,०००.०० | ०.०० | ० | ३६,०००.०० |
| २२५११ कर्मचारी तालिम खर्च | ५,००,०००.०० | ४,९४,०००.०० | ९८.८ | ६,०००.०० |
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ६५,०१,८००.०० | ३९,९४,२५६.०० | ६१.४३ | २५,०७,५४४.०० |
| २२५२१ उत्पादन सामग्री / सेवा खर्च | ४,२८,०००.०० | १,९९,१००.०० | ४६.५२ | २,२८,९००.०० |
| २२५२२ कार्यक्रम खर्च | ६,०८,५०,९४६.०० | २,६८,११,७०८.०० | ४४.०६ | ३,४०,३९,२३८.०० |
| २२५२९ विविध कार्यक्रम खर्च | २,१८,८२,८००.०० | १,०७,७१,५८३.१२ | ४९.२२ | १,११,११,२१६.८८ |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | २,००,०००.०० | १,९६,६००.०० | ९८.३ | ३,४००.०० |
| २२६१२ भ्रमण खर्च | ३०,८९,०००.०० | १२,१७,५७०.०० | ३९.४२ | १८,७१,४३०.०० |
| २२६१९ अन्य भ्रमण खर्च | ५,००,०००.०० | ०.०० | ० | ५,००,०००.०० |
| २२७११ विविध खर्च | २९,४९,८५३.०० | ६,१२,९०५.०० | २०.७८ | २३,३६,९४८.०० |
| २२७२१ सभा सञ्चालन खर्च | १४,००,०००.०० | १३,९३,३७२.०० | ९९.५३ | ६,६२८.०० |
| २५३११ शैक्षिक संस्थाहरूलाई सहायता | १,७०,५२,०००.०० | १,४४,५१,४०३.३६ | ८४.७५ | २६,००,५९६.६४ |
| २५३१२ स्वास्थ संस्थाहरूलाई सहायता | ८,००,०००.०० | १६,५९२.०० | २.०६ | ७,८३,४०८.०० |

# पिपरा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, महोत्तरी
**कार्यालयको कोड : ८०२१८५०३३००**

### आय व्ययको बिबरण

आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१-२०८२/०३/३२

**आय**

| | | | | |
|---|---|---|---|---|
| १४२४९ अन्य दस्तुर | ८१,००,०००.०० | ४,०४,८४४.०० | ५ | ७६,९५,१५६.०० |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | १,४०,००,०००.०० | १,८१,३००.०० | १.३ | १,३८,१८,७००.०० |
| १४५२९ अन्य राजस्व | १,५०,००,००१.०० | १०,९९,२१७.६९ | ७.३३ | १,३९,००,७८३.३१ |
| १५१११ बेरूजू | १५,००,०००.०० | ४,७९,४०४.३६ | ३१.९६ | १०,२०,५९५.६४ |
| ३२१२२ बैंक मौज्दात | ३,३६,३०,१३९.४१ | ३,३८,११,१२५.३६ | १००.५४ | (१,८०,९८५.९५) |
| जम्मा | ७४,१४,३६,९६०.०० | ४५,१९,५७,९८०.८२ | ६०.९५ | २८,९४,७८,९७९.१८ |

**व्यय**

| | | | | |
|---|---|---|---|---|
| २५३१४ धार्मिक तथा सांस्कृतिक संस्था सहायता | १४,००,०००.०० | १३,९३,३४०.०० | ९९.५२ | ६,६६०.०० |
| २५३१५ अन्य सस्था सहायता | २,००,०००.०० | १,८९,९५३.०० | ९४.९८ | १०,०४७.०० |
| २७१११ सामाजिक सुरक्षा | ५,००,०००.०० | ५५,०००.०० | ११ | ४,४५,०००.०० |
| २७११२ अन्य सामाजिक सुरक्षा | ११,८३,०००.०० | ५,२८,३६०.०० | ४४.६६ | ६,५४,६४०.०० |
| २७२१२ उद्धार, राहत तथा पुनर्स्थापना खर्च | १४,९२,११३.०० | ८,००,०००.०० | ५३.६२ | ६,९२,११३.०० |
| २७२१३ औषधीखरिद खर्च | ७३,७८,०००.०० | ४८,५२,७३७.०० | ६५.७७ | २५,२५,२६३.०० |
| २८१४२ घरभाडा | ५,५२,६२५.०० | ४,६७,४९६.०० | ८४.६ | ८५,१२९.०० |
| २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | १८,००,०००.०० | १५,७०,०००.०० | ८७.२२ | २,३०,०००.०० |
| २८२१९ अन्य फिर्ता | २८,११,८५०.०० | २८,११,८५०.०० | १०० | ०.०० |
| पूंजीगत | ३३,४४,१०,४१२.०० | १४,८६,७८,९५३.७२ | ४४.४६ | १८,५७,३१,४५८.२८ |
| ३११११ आवासीय भवन निर्माण/ खरिद | ८,८४,१६७.०० | ८,८४,१६७.०० | १०० | ०.०० |
| ३१११२ गैर आवासीय भवन निर्माण/ खरिद | १,३५,४४,५४१.०० | ५६,४१,८०४.३१ | ४१.६५ | ७९,०२,७३६.६९ |
| ३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च | १,१२,६१,६७७.०० | ५१,६०,२८०.५५ | ४५.८२ | ६१,०१,३९६.४५ |
| ३१११४ जग्गा विकास कार्य | २०,००,०००.०० | ०.०० | ० | २०,००,०००.०० |
| ३११२२ मेशिनरी तथा औजार | ७६,९९,१९७.०० | २२,५९,७५१.४० | २९.३५ | ५४,३९,४४५.६० |
| ३११२३ फर्निचर तथा फिक्चर्स | २०,००,०००.०० | ४,८७,६१८.०० | २४.३८ | १५,१२,३८२.०० |
| ३११३२ अनुसन्धान तथा विकास सम्बन्धी खर्च | १०,००,०००.०० | ०.०० | ० | १०,००,०००.०० |
| ३११३५ पूँजीगत परामर्श खर्च | ३,००,०००.०० | ०.०० | ० | ३,००,०००.०० |
| ३११४१ सुरक्षा प्रणाली तथा उपकरण प्राप्ति खर्च | १४,८४,५१२.०० | ९,८०,०००.०० | ६६.०१ | ५,०४,५१२.०० |
| ३११५१ सडक तथा पूल निर्माण | ८,५०,८८,४०३.०० | ४,५२,३३,०८६.७७ | ५३.१६ | ३,९८,५५,३१६.२३ |
| ३११५३ विद्युत संरचना निर्माण | ३,४७,७२,२७२.०० | १,३१,९६,३०१.५५ | ३७.९५ | २,१५,७५,९७०.४५ |

# पिपरा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, महोत्तरी
### कार्यालयको कोड : ८०२१८५०३३००

### आय व्ययको बिबरण

आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१-२०८२/०३/३२

| आय | व्यय | | | | |
|---|---|---|---|---|---|
| | ३११५४ तटबन्ध तथा बाँधनिर्माण | ६,००,०००.०० | ५,७०,०००.०० | ९५ | ३०,०००.०० |
| | ३११५५ सिंचाई संरचना निर्माण | २,७२,६१,४२६.०० | ६४,४४,१२०.५९ | २३.६४ | २,०८,१७,३०५.४१ |
| | ३११५६ खानेपानी संरचना निर्माण | १,००,९३,८५१.०० | ६५,९६,२३८.४० | ६५.३४ | ३४,९७,६१२.६० |
| | ३११५८ सरसफाई संरचना निर्माण | ६,४०,२००.०० | १,६३,०००.०० | २५.४६ | ४,७७,२००.०० |
| | ३११५९ अन्य सार्वजनिक निर्माण | १३,३७,८०,१६६.०० | ६,१०,६२,५८५.१५ | ४५.६४ | ७,२७,१७,५८०.८५ |
| | ३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च | २०,००,०००.०० | ०.०० | ० | २०,००,०००.०० |
| | जम्मा | ७४,१४,३६,९६०.०० | ४३,७७,८०,०९८.०८ | ५९.०४ | ३०,३६,५६,८६१.९२ |

# पिपरा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, महोत्तरी
**कार्यालयको कोड : ८०२१८५०३३००**

### आय व्ययको बिबरण

आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१-२०८१/०३/३१

**आय**

| शीर्षक | प्रस्तावित आय | वास्तविक आय | आम्दानी(%) | मौज्दात |
|---|---|---|---|---|
| संघीय सरकार | ३४,६८,१२,०००.०० | २८,०८,४९,७४६.९० | ८०.९८ | ६,५९,६२,२५३.१० |
| १३३११ समानिकरण अनुदान | ११,३४,००,०००.०० | १०,५४,६२,०००.०० | ९३ | ७९,३८,०००.०० |
| १३३१२ शसर्त अनुदान चालु | २०,९०,१२,०००.०० | १५,७३,२३,०९४.९० | ७५.२७ | ५,१६,८८,९०५.१० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ३९,००,०००.०० | ३५,८६,९००.०० | ९१.९७ | ३,१३,१००.०० |
| १३३१४ विषेश अनुदान चालु | ८०,००,०००.०० | ८०,००,०००.०० | १०० | ०.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | १,२५,००,०००.०० | ६४,७७,७५२.०० | ५१.८२ | ६०,२२,२४८.०० |
| प्रदेश सरकार | १,३३,४०,०००.०० | १,३२,१०,०००.०० | ९९.०३ | १,३०,०००.०० |
| १३३११ समानिकरण अनुदान | ८३,४०,०००.०० | ८३,४०,०००.०० | १०० | ०.०० |
| १३३१४ विषेश अनुदान चालु | ३०,००,०००.०० | २८,७०,०००.०० | ९५.६७ | १,३०,०००.०० |
| १३३१६ समपुरक अनुदान चालु | २०,००,०००.०० | २०,००,०००.०० | १०० | ०.०० |
| राजस्व बाडफाड | ९,०९,१३,९००.०० | ६,३२,१२,८०८.३३ | ६९.५३ | २,७७,०१,०९१.६७ |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ८,७९,१३,९००.०० | ६,०२,१२,८०८.३३ | ६८.४८ | २,७७,०१,०९१.६७ |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ३०,००,०००.०० | ३०,००,०००.०० | १०० | ०.०० |
| अन्तरिक श्रोत | २९,७९,४२,७७१.०० | १६,७३,७५,८७६.५८ | ५६.१८ | १३,०५,६६,८९४.४२ |

**व्यय**

| शीर्षक | बार्षिक बजेट | खर्च | खर्च(%) | मौज्दात |
|---|---|---|---|---|
| चालु | ४३,७४,१३,४३७.०० | ३१,००,३५,७४९.५७ | ७०.८८ | १२,७३,७७,६८७.४३ |
| २११११ पारिश्रमिक कर्मचारी | १६,१०,०७,२२१.०० | १३,१०,६४,८०५.८२ | ८१.४ | २,९९,४२,४१५.१८ |
| २११२१ पोशाक | ४,८०,०००.०० | ५०,०००.०० | १०.४२ | ४,३०,०००.०० |
| २११२२ खाद्यान्न | १०,००,०००.०० | ०.०० | ० | १०,००,०००.०० |
| २११३२ महंगी भत्ता | २,९६,०००.०० | १,०८,०००.०० | ३६.४९ | १,८८,०००.०० |
| २११३४ कर्मचारीको बैठक भत्ता | १६,७००.०० | १६,७००.०० | १०० | ०.०० |
| २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ७३,१६,०००.०० | ५६,८७,५९१.०० | ७७.७३ | १६,२८,४०९.०० |
| २११३९ अन्य भत्ता | १८,२५,१००.०० | १५,६५,३००.०० | ८५.७७ | २,५९,८००.०० |
| २११४१ पदाधिकारी बैठक भत्ता | ३२,०८,८००.०० | १८,०९,२००.०० | ५६.३८ | १३,९९,६००.०० |
| २११४२ पदाधिकारीअन्य सुबिधा | १,२०,००,०००.०० | ७२,०७,०००.०० | ६०.०६ | ४७,९३,०००.०० |
| २१२१९ अन्य सामाजिक सुरक्षा खर्च | १०,७७,०००.०० | ०.०० | ० | १०,७७,०००.०० |
| २२१११ पानी तथा बिजुली | ६०,३९,६००.०० | ४,२३,१०५.०० | ७.०१ | ५६,१६,४९५.०० |
| २२११२ संचार महसुल | ११,००,०००.०० | ५,५६,३४१.०० | ५०.५८ | ५,४३,६५९.०० |
| २२११३ सार्वजनिक उपयोगिताको सेवा खर्च | ५,००,०००.०० | ०.०० | ० | ५,००,०००.०० |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | २२,७४,८९६.०० | २२,४०,१४३.०० | ९८.४७ | ३४,७५३.०० |
| २२२१३ सवारी साधन मर्मत खर्च | २७,२४,५६२.०० | २०,४९,९२९.०० | ७५.२३ | ६,७४,६३३.०० |
| २२२१४ बिमा तथा नवीकरण खर्च | १०,२०,०००.०० | ५,००,०००.०० | ४९.०२ | ५,२०,०००.०० |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ८,००,६००.०० | ६,५९,८४५.०० | ८२.४२ | १,४०,७५५.०० |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | ६३,८३,३२५.०० | ६०,२९,९२७.०० | ९४.४६ | ३,५३,३९८.०० |
| २२३१३ पुस्तक तथा सामग्री खर्च | ६४,०४,०००.०० | ४९,१४,३१२.१६ | ७६.७३ | १४,८९,६८७.८४ |
| २२३१४ इन्धन - अन्य प्रयोजन | ३०,००,०००.०० | २३,२६,०९९.४९ | ७७.५४ | ६,७३,९००.५१ |

# पिपरा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, महोत्तरी
**कार्यालयको कोड : ८०२१८५०३३००**

### आय व्ययको बिबरण

आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१-२०८१/०३/३१

**आय**

| | | | | |
|---|---|---|---|---|
| ११३१३ सम्पती कर | १,००,००,०००.०० | ८,७७२.२५ | ०.०९ | ९९,९१,२२७.७५ |
| ११३१४ भुमिकर/ मालपोत | ३५,००,०००.०० | ५८,०६,३४०.३५ | १६५.९ | (२३,०६,३४०.३५) |
| ११३१७ वहाल कर | १,००,००,०००.०० | ५,९२,३०९.०६ | ५.९२ | ९४,०७,६९०.९४ |
| ११३१८ वहाल विटौरी कर | १,००,००,०००.०० | ४९,०२,७५५.०० | ४९.०३ | ५०,९७,२४५.०० |
| ११६९१ अन्य कर | २२,१७,१०५.५४ | १,५०,४१०.०० | ६.७८ | २०,६६,६९५.५४ |
| १४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ५,००,००,०००.०० | ०.०० | ० | ५,००,००,०००.०० |
| १४२२१ न्यायिक दस्तूर | १०,०००.०० | २८,१५५.०० | २८१.५५ | (१८,१५५.००) |
| १४२२४ परीक्षा शुल्क | १०,०००.०० | ३४,०००.०० | ३४० | (२४,०००.००) |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | ५०,००,०००.०० | १२,१०,९३०.०० | २४.२२ | ३७,८९,०७०.०० |
| १४२४२ नक्सापास दस्तुर | ५०,००,०००.०० | ७७,१३१.७७ | १.५४ | ४९,२२,८६८.२३ |
| १४२४३ सिफारिश दस्तुर | १,००,०००.०० | ४,००,८३५.०० | ४००.८४ | (३,००,८३५.००) |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ८०,०००.०० | २,९५,८४०.०० | ३६९.८ | (२,१५,८४०.००) |
| १४२४५ नाता प्रमाणित दस्तुर | ५०,००,०००.०० | १७,४९०.०० | ०.३५ | ४९,८२,५१०.०० |
| १४२४९ अन्य दस्तुर | १,००,००,०००.०० | १७,८३,०४३.७५ | १७.८२ | ८२,१६,९५६.२५ |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | १,००,००,०००.०० | ५,२०,०२५.०० | ५.२ | ९४,७९,९७५.०० |
| १५१११ बेरूजू | २,५०,००,०००.०० | १६,२७,२४३.०० | ६.५१ | २,३३,७२,७५७.०० |

**व्यय**

| | | | | |
|---|---|---|---|---|
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ४२,६८,८००.०० | ४०,१९,७३६.०० | ९४.१७ | २,४९,०६४.०० |
| २२३१९ अन्य कार्यालय संचालन खर्च | १,००,०००.०० | ०.०० | ० | १,००,०००.०० |
| २२४११ सेवा र परामर्श खर्च | ८५,२६,९९५.०० | ४९,२७,३०५.०० | ५७.७८ | ३५,९९,६९०.०० |
| २२४१३ करार सेवा शुल्क | ३,१३,२७,००५.०० | २,१८,०९,८१२.०० | ६९.६२ | ९५,१७,१९३.०० |
| २२४१४ सरसफाईसेवा शुल्क | ११,३००.०० | १०,०००.०० | ८८.५ | १,३००.०० |
| २२४१९ अन्य सेवा शुल्क | ८९,२५०.०० | ०.०० | ० | ८९,२५०.०० |
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ५,००,०००.०० | ०.०० | ० | ५,००,०००.०० |
| २२५२१ उत्पादन सामग्री / सेवा खर्च | ४९,५००.०० | ०.०० | ० | ४९,५००.०० |
| २२५२२ कार्यक्रम खर्च | ९,०८,०४,०८३.०० | ४,०६,०४,१४८.०० | ४४.७२ | ५,०१,९९,९३५.०० |
| २२५२९ विविध कार्यक्रम खर्च | १,२६,०२,०००.०० | १,०४,५१,५२५.०० | ८२.९४ | २१,५०,४७५.०० |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | ९,७०,०००.०० | ९,५८,८९४.०० | ९८.८६ | ११,१०६.०० |
| २२६१२ भ्रमण खर्च | ८,००,०००.०० | २,२०,०००.०० | २७.५ | ५,८०,०००.०० |
| २२६१३ विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | ६०,०००.०० | ०.०० | ० | ६०,०००.०० |
| २२६१९ अन्य भ्रमण खर्च | ४,००,०००.०० | ३,८५,४००.०० | ९६.३५ | १४,६००.०० |
| २२७११ विविध खर्च | ५०,८८,०२४.०० | ३७,५९,९९६.०० | ७३.९ | १३,२८,०२८.०० |
| २२७२१ सभा सञ्चालन खर्च | १५,००,०००.०० | ११,८८,२००.०० | ७९.२ | ३,११,८००.०० |
| २५३१४ धार्मिक तथा सांस्कृतिक संस्था सहायता | ५,००,०००.०० | ०.०० | ० | ५,००,०००.०० |
| २६४१३ अन्य संस्थालाई सःशर्त चालु अनुदान | ८,००,०००.०० | ८,००,०००.०० | १०० | ०.०० |
| २६४२१ सरकारी निकाय, समिति, बोर्ड – पुँजीगत निःशर्त अनुदान | ५,००,०००.०० | ५,००,०००.०० | १०० | ०.०० |
| २७२११ छात्रवृत्ति | २३,१७,०००.०० | १३,८०,०००.०० | ५९.५६ | ९,३७,०००.०० |

# पिपरा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, महोत्तरी
### कार्यालयको कोड : ८०२१८५०३३००

### आय व्ययको बिबरण

आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१-२०८१/०३/३१

**आय**

| | | | | |
|---|---|---|---|---|
| ३२१२२ बैंक मौज्दात | १५,२०,२५,६६५.४६ | १४,९९,२०,५९६.४० | ९८.६२ | २१,०५,०६९.०६ |
| जम्मा | ७४,९०,०८,६७१.०० | ५२,४६,४८,४३१.८१ | ७०.०४ | २२,४३,६०,२३९.१९ |

**व्यय**

| | | | | |
|---|---|---|---|---|
| २७२१२ उद्दार, राहत तथा पुनर्स्थापना खर्च | ९८,०००.०० | ९५,०००.०० | ९६.९४ | ३,०००.०० |
| २७२१३ औषधीखरिद खर्च | १,१४,२८,०००.०० | ६९,९७,१४५.०० | ६१.२३ | ४४,३०,८५५.०० |
| २७३१२ उपदान | ११,५७,०००.०० | १०,००,०००.०० | ८६.४३ | १,५७,०००.०० |
| २८१४२ घरभाडा | ७,०८,०००.०० | ५,७५,४९६.०० | ८१.२८ | १,३२,५०४.०० |
| २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | १५,२०,०००.०० | १२,५६,४००.०० | ८२.६६ | २,६३,६००.०० |
| २८२११ राजस्व फिर्ता | १०,७५,६१६.०० | १,८६,१२०.०० | १७.३ | ८,८९,४९६.०० |
| २८२१९ अन्य फिर्ता | ४,१७,३९,०६०.०० | ४,१७,०२,२७४.१० | ९९.९१ | ३६,७८५.९० |
| पूंजीगत | ३१,१५,९५,२३४.०० | २०,१६,६२,४४५.०० | ६४.७२ | १०,९९,३२,७८९.०० |
| ३१११११ आवासीय भवन निर्माण/ खरिद | ५,००,०००.०० | ०.०० | ० | ५,००,०००.०० |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | १,४३,००,०००.०० | ७४,१२,७५२.०० | ५१.८४ | ६८,८७,२४८.०० |
| ३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च | २९,४४,४३३.०० | १६,६९,०००.०० | ५६.६८ | १२,७५,४३३.०० |
| ३११२१ सवारी साधन | ३३,१५,०००.०० | ३,००,०००.०० | ९.०५ | ३०,१५,०००.०० |
| ३११२२ मेशिनरी तथा औजार | १,३२,१६,५००.०० | ७२,२४,९२९.०० | ५४.६७ | ५९,९१,५७१.०० |
| ३११२३ फर्निचर तथा फिक्चर्स | ४४,७४,०००.०० | २९,७५,०६०.०० | ६६.५ | १४,९८,९४०.०० |
| ३११३४ कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | १०,००,०००.०० | ०.०० | ० | १०,००,०००.०० |
| ३११५१ सडक तथा पूल निर्माण | ५,८८,१०,१८३.०० | ३,५८,२२,२८९.०० | ६०.९१ | २,२९,८७,८९४.०० |
| ३११५३ विद्युत संरचना निर्माण | ३३,००,०००.०० | १६,९९,७२६.०० | ५१.५१ | १६,००,२७४.०० |
| ३११५५ सिंचाई संरचना निर्माण | ०.०० | ०.०० | ० | ०.०० |
| ३११५६ खानेपानी संरचना निर्माण | २५,००,०००.०० | १८,१५,०००.०० | ७२.५९ | ६,८५,०००.०० |
| ३११५७ वन तथा वातावरण संरक्षण | ४,८४,५५५.०० | ४,७५,०००.०० | ९८.०३ | ९,५५५.०० |
| ३११५८ सरसफाई संरचना निर्माण | २६,३२,०००.०० | ११,२८,०००.०० | ४२.८६ | १५,०४,०००.०० |
| ३११५९ अन्य सार्वजनिक निर्माण | २०,४१,१८,५६३.०० | १४,११,४०,६८९.०० | ६९.१५ | ६,२९,७७,८७४.०० |
| जम्मा | ७४,९०,०८,६७१.०० | ५१,१६,९८,१९४.५७ | ६८.३१ | २३,७३,१०,४७६.४३ |